# त्रिवेणी गाउँपालिका


# स्थानीय राजपत्र

खण्ड :०१ संख्या :०१ मिति : २०७९/०९/१५

## भाग-२

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिक योजना

## (२०७९/८० देखि २०८३/८४)



## परिच्छेद–१

## पृष्ठभूमि

### १.१ परिचय :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सिद्धान्तका आधारमा न्यायिक समाजको निर्माण गर्नु नेपाल पक्ष भएका मानव अधिकार सम्वन्धी अन्तराष्ट्रिय दस्तावेज, प्रतिवद्धता तथा संवैधानिक दायित्व अनुरुप यस गाउँपालिकाका नीति योजना, कार्यक्रम तथा संरचनाका सवै अङ्गहरुमा विभिन्न कारणले पछाडि पारिएका महिला, दलित, जनजाति, पिछडावर्ग, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यकलगायत सीमान्तकृत समुदायलाई समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिताको भुमिकासहित लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमार्फत सबैले सम्मान तथा न्याय बोध हुने वातावरण निर्माण गर्न र गाउँपालिकावाट प्रवाह हुने सेवा, सुविधा तथा विकासका कार्यक्रमहरुबाट लक्षित वर्गहरुलाई समान रुपमा लाभान्वित बनाउन तथा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण पद्धतिलाई संस्थागत गर्न आवश्यक देखिएकोले 'त्रिवेणी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तथा रणनीतिक योजना २०७९' तर्जुमा गरिएको छ ।

### १.२ कानुनी व्यवस्था :

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय दस्तावेजका आधारभूत शर्त हुन । नेपाल मानव अधिकार सम्वन्धी २४ वटा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भई मानव अधिकारको संरक्षण, लैङ्गिक समानता, लैङ्गिक हिंसा निवारण र बाल विवाह उन्मूलनको सम्वन्धमा पक्षराष्ट्रको हैसियतले प्रतिवद्धताहरू व्यक्त गरेको छ । लैङ्गिक असमानतालाई नीतिगत रुपमा सम्वोधन गर्नुपर्ने र राज्यको कानूनी दायित्वको रुपमा मुलप्रवाहिकरण गर्नुपर्ने आवश्यकतालाई महसुस गरी मानव अधिकार सम्वन्धी विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले लैङ्गिक समानता तथा समावेशीकरणलाई मानव अधिकारको रुपमा सुनिश्चित गरेको पाइन्छ। मानव अधिकार संरक्षण सम्वन्धी अन्तर्राष्ट्रिय





रुपमा पारित विभिन्न दस्तावेज स्वभावले नै सबैलाई बराबर रुपमा लागू हुने व्यवस्था हुन् । तर पनि अधिकारको प्रयोग, उपभोग एवं दावीको क्रममा लामो समयदेखि वञ्चितिकरणमा रहेका महिला, दलित, आदिवासी जनजाति, मधेशी तथा विभिन्न कारणले पछाडि पारेका नागरिकहरुले उपभोग गर्नसकेका छैनन् । मानव अधिकारसँग सम्वन्धित अधिकांश दस्तावेजहरु प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लैङ्गिक समानता तथा समावेशीकरणका अधिकारसँग सम्वन्धित भएता पनि विशेष गरि मानव अधिकार सम्वन्धी अन्तराष्ट्रिय घोषणापत्र, १९४८, नागरिक तथा राजनैतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुवन्ध, १९६६; महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने महासन्धि, १९७९; बाल अधिकार सम्वन्धी महसन्धि, १९८९; द्वन्द्ववाट महिला र बालबालिकाको संरक्षण गर्ने घोषणापत्र, १९७४; महिला विरुद्धको हिंसा उन्मूलन सम्वन्धी घोषणापत्र, १९९१; अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्वन्धी महासन्धि, २००६; संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद् बाट महिला, शान्ति र सुरक्षाका सम्वन्धमा पारित प्रस्ताव नं १३२५ र महिला तथा बालिकाहरूमाथि हुने यौन हिंसा विरुद्धको प्रस्ताव नं १८२०, प्रस्ताव नं १८८८ प्रमुख हुन् । उक्त महासन्धिका विभिन्न समितिहरूले समय समयमा नेपालको लागि दिएका सिफारिसहरू कार्यान्वयन गर्नु पनि सरकारको दायित्व हो । नेपाल सन्धि ऐन, २०४७ को दफा ९(२) अनुसार नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धिहरूसँग नबाझिने गरी सन्धि सम्झौताहरूको कार्यान्वयन गर्नु राज्यको दायित्व हो ।

यसका अतिरिक्त १९९५ मा चौथौ अन्तर्राष्ट्रिय महिला सम्मेलनबाट पारित भएका १२ वटा मध्ये लैङ्गिक समानता पनि प्रमुख सवालको रुपमा राज्यले सम्बोधन गर्नुपर्ने विषय हो । सो सम्मेलनले महिलाको आर्थिक, सामाजिक, राजनीतिक अधिकारका साथै लैङ्गिक समानता कायम गर्ने, लैङ्गिक हिंसा निवारण गर्ने र बालविवाह उन्मूलन गर्ने सम्बन्धमा वहुआयामिक पक्षहरू समेतलाई सम्बोधन गरी कानूनी रुपमा मान्यता स्थापित गर्न गराउन राज्यले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्ने कुरा

उल्लेख गरेको छ ।

त्यसैगरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरुको अधिकार सम्बन्धमा सन् २००६ मा घोषणा गरेको जाकार्टा सिद्धान्तलाई प्रमुख रुपमा लिन सकिन्छ । त्यो पछि लैङ्गिक समानता भनेको महिला र पुरुषमा मात्र सीमित रहनु हुन्न भन्ने पक्षलाई संयुक्त राष्ट्रसंघको मानव अधिकार परिषदबाट विभिन्न समयमा पास गरेका प्रस्तावनाहरुले यौनिकताको आधारमा यी समुदायहरुमाथि भैरहेको हिंसा, भेदभाव, लाञ्छना तथा वञ्चितिकरणलाई निषेध गर्नुपर्ने कुरा पास गरेको छ । फलस्वरुप नेपालले पनि यौनिक तथा लैङ्गिक अल्पसंख्यकको आधारमा भेदभाव गर्न नहुने कुरा मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ ।

त्यसैगरी संयुक्त राष्ट्रसंघको साधारणसभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । यी लक्ष्यहरुले गरिवीको रेखामुनि रहेका नागरिकहरु, बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तैः दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । लैङ्गिक समानतालाई व्यवहारिक रुपमा कायम राख्ने क्रममा दिगो विकास लक्ष्य नं ४ र ५ लाई यस सवालसँग प्रत्यक्ष रुपमा जोडिएर हेर्न सकिन्छ । लक्ष्य ४ मा उल्लिखित समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता र लक्ष्य नं. ५ मा लैङ्गिक समानता कायम गर्ने सम्बन्धी लक्ष्यहरु वढि सान्दर्भिक देखिन्छ । दिगो विकास लक्ष्यले केवल वञ्चितिकरणमा परेकाहरूको समावेशी गर्न मात्र नभई समावेशी संस्थाहरू तथा प्रणालीहरूको विकास र तिनको निरन्तरतालाई पनि उतिकै जोड दिएको छ । संयुक्त राष्ट्रसंघीय संकल्प ७०/१ 'हाम्रो विश्वको रूपान्तरणः दिगो विकासका लागि सन् २०३० को एजेण्डा' मा अति विपन्नतालगायत सबै खालका गरिवीको उन्मुलन र 'कोही पनि पछाडि नछुट्न् (Leave No One Behind) भन्ने सिद्धान्त सहित विश्व समुदायमा समानता र समावेशिताद्वारा दिगो विकासलाई प्राथमिकता दिएको छ । चरम गरिवीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग





लड्न र पछाडि-परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ । यसलाई स्थानीयकरण गर्ने र अफ्ना योजना तथा बजेटले सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ ।

**संविधान :**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नेपालको संविधान आधारभूत शर्त तथा मान्यता हो। वि.सं. २०७२ सालमा संघीय गणतन्त्रात्मक व्यवस्थासहितको संविधानले प्रस्तावनामानै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात गरेको पाइन्छ । संविधानले समानतालाई सामाजिक न्याय सुनिश्चित गर्ने प्रमुख आधारको रुपमा लिएको छ । समानता तथा समतामूलक समाज निर्माणको लागि जातजाति, भाषा, धर्म, लैङ्गिक, वर्गीय, क्षेत्रीय तथा सामाजिक, आर्थिक, राजनीतिकलगायत कुनै पनि आधारमा भेदभाव गर्न नहुने र समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा देशको विकास गर्नुपर्ने कुरालाई स्वीकारेको छ । संविधानको मौलिक हक अन्तर्गत धारा १६ ले सबै व्यक्तिहरुको सम्मानपूर्वक बाँच्न पाउने हक, धारा १७ ले स्वतन्त्रताको हक, धारा १८ ले समानताको हक, ३८ ले महिलाको हक, धारा ३९ ले वालवालिकाको हक, धारा ४० मा दलितको हक, धारा ४१ मा जेष्ठ नागरिकको हक, धारा ४२ ले सामाजिक न्यायको हक र धारा ५१ (ञ) मा सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको व्यवस्थाको साथै धारा ५२ ले मौलिक हक कार्यान्वयनका लागि राज्यले गर्नुपर्ने दायित्वको समेत व्यवस्था गरेको छ । संविधानले प्रत्याभूत गरेका अधिकारहरुको प्रभावकारी कार्यान्वयन राज्यका तीनै तहका सरकार संघीय, प्रदेश तथा स्थानीय सरकारहरुले लैङ्गिक समानता तथा समावेशी शासन पद्धतिलाई संस्थागत गर्न आवश्यक छ ।

**स्थानीय सरकार सञ्चालन ऐन २०७४** मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामानै उल्लेख गरिएको छ । यसका अलवा गाउँपालिका तथा गाउँपालिकाको काम,

कर्तव्य र अधिकारको व्यवस्था गरिएको छ। खण्डीकृत तथ्यांक संकलन, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदी वडा समितिको काम, कर्तव्य र अधिकार रहेका छन् । योजना तर्जुमा तथा कार्यान्वयनमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चत गर्न भनिएको छ । महिला, बालबालिका, पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौट गर्नुपर्ने, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, वालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण अन्तर सम्वन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ । यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा गाउँपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनुपर्नेछ भनि उल्लेख गरेको छ ।

**पन्द्रौं योजना** (आर्थिक वर्ष २०७६/०७७-२०८०/०८१) मा **क)** लैङ्गिक समानता तथा महिला सशक्तीकरण **ख)** बालबालिका तथा किशोरकिशोरी **ग)** ज्येष्ठ नागरिक **घ)** अपाङ्गता भएका व्यक्ति **ङ)** सामाजिक सुरक्षा तथा संरक्षण **च)** समावेशीकरण लगायतका विषयहरुलाई अलग अलग शीर्षकमा राखिएको छ । यी व्यवस्थालाइ स्थानीयकरण गर्ने र अपना योजना तथा बजेटले सम्बोधन गर्ने दायित्व स्थानीय सरकारमा रहेको छ ।

**राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ :** त्यसैगरि राज्यका तीन वटै तहमा लैङ्गिक उत्तरदायी शासन पद्धतिलाई संस्थागत गर्न योजना, नीति तथा कार्यक्रम, वार्षिक वजेट तथा सेवा प्रवाहलाई लैङ्गिकमैत्री वनाई समृद्ध र न्यायपूर्ण समाजको स्थापनाको आवश्यकतालाई महसुस गरी नेपाल सरकारले राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७ जारी गरेको छ । यस





नीतिले सबै क्षेत्रमा महिलाको सारभूत र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै आर्थिक र सामाजिक रुपान्तरणद्वारा लैङ्गिक समानता कायम गर्ने दिर्घकालीन सोच रहेको छ ।

**१.३ त्रिवेणी गाउँपालिकाको वर्तमान अवस्था :**

त्रिवेणी गाउँपालिका कर्णाली प्रदेश अन्तर्गत सल्यान जिल्लाका साविकका काभ्रा, काँरागिठी, फलाबाङ र त्रिवेणी गरी ४ वटा गा.वि.स.लाई समावेश गरी स्था ना भएको हो । शारदा खोला, लुहाम खोला र घुर खोलाको संगम स्थल भएकालेनै यसको नाउँ त्रिवेणी गाउँपालिका रहन गएको हो । यस गाउँपालिकाको कुल क्षेत्रफल जम्मा ११९.११ वर्ग कि.मि रहेको छ । यस गाउँपालिकाको पूर्वमा कपुरकोट गाउँपालिका, पश्चिममा कालिमाटी गाउँपालिका, उत्तरमा शारदा गाउँपालिका र छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङ जिल्ला पर्दछ ।

२०६८ को जनगणनाअनुसार यस गाउँपालिकाको जनसंख्या १६,६२४ रहेको छ । जसमध्ये महिलाको जनसंख्या ८,८९८ (५३.५३ प्रतिशत) र पुरुषको जनसंख्या ७,७२६ (४६.४७ प्रतिशत) रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाति तथा धर्म मान्ने व्यक्तिहरुको वसोवास रहेको छ । २०६८ को जनगणनाअनुसार सबैभन्दा बढी क्षेत्री जाति ९,०९३ जना (५४.७२%), दोस्रोमा मगर ४,४३५ (२६.६८%) र तेस्रोमा कामी १,२९६ (७.८०%) हरुको वसोवास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायका उद्योग साथै वैदेशिक रोजगारी पनि हो। यस गाउँपालिकामा सामुदायिक र संस्थागत गरी ६ वटा माध्यामिक तहका विद्यालय र २९ वटा आधारभूत तहका विद्यालय गरी जम्मा ३५ वटा शिक्षण संस्थाहरु संचालित छन् ।

"थरकोटको काखमा शारदाको साथमा, सफा, हराभरा, सुन्दर शान्त त्रिवेणी गाउँपालिका–सुशासन, सहभागिता दिगो विकास समृद्धि र समतामुलक समाज निर्माण हाम्रो प्रतिवद्धता", "त्रिवेणीमा कृषि, पर्यटन र पूर्वाधार गाउँपालिकाको समृद्धि र विकासको आधार" तथा नेपाल सरकारवाट घोषणा गरिएका अभियानलाई त्रिवेणी गाँउपालिकाले आफ्नै अभियानको रुपमा सञ्चालन गरी पूर्ण खोप सुनिश्चितता, पूर्ण सरसफाई जस्ता

अभियानलाई प्राथमिकता दिएर कार्यक्रम सञ्चालन गर्दै आएका छन् भने त्यस्तै लक्षित वर्ग, विपन्न, महिला तथा आपाङ्गता भएका व्यक्तिहरुको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि आयआर्जन सम्बन्धी सिपमूलक तालिम कार्यक्रमहरु, महिलाहरुका लागि क्षमता विकास कार्यक्रम, आपाङ्गता भएका व्यक्तिहरुका लागि आपाङ्ग सहायता सारथी कार्यक्रम, दलित, जनजाति, अल्पसंख्यक कार्यक्रमहरु, लैङ्गिक हिंसा कोषको स्थापना, बालकोष कार्यविधि निर्माण, लैससास सम्बन्धी अन्तरक्रिया कार्यक्रम, बैंक खाता छोरीको सुरक्षा जीवनभरिको कार्यक्रम, ५ वर्षमुनिका सबै बालबालिकालाई पोषण भत्ताको व्यवस्था, अपांग, जेष्ठ नागरिक तथा गर्भवती महिलालाई प्राथमिकतामा राखिएको, विद्यालयमा दिवा खाजाको व्यवस्था अनि नीति योजना तथा कार्यक्रम तर्जुमा गर्दा समावेशीकरणको पक्षलाई प्राथमिकीकरण गर्ने गरिएको जस्ता कार्यक्रमहरुले यस पालिकाका महिलाहरुको लैङ्गिक समानता र समावेशितालाई मूलप्रवाहीकरण गरी विकास गर्ने कुरामा यस पालिकाको दृढ विश्वास रहेको छ ।

### १.४ लैससास सम्बन्धी सबल पक्ष, चुनौती र अवसरहरु :

नीति निर्माणका क्रममा यस पालिकाका पदाधिकारीहरु, कर्मचारी तथा गैरसरकारी संस्थाका प्रतिनिधि, पत्रकार, शिक्षकलगायत समाजका अभियन्ता तथा अधिकारकर्मीहरुसँग गरिएको छलफल तथा बैठकहरु र पालिकाबाट उपलब्ध विभिन्न नीति नियमत र रणनीतिहरुको अध्ययबाट यस पालिकामा लैससास सम्बन्धी देहायनुसार सवलपक्ष, सुधार्नुपर्ने पक्ष, चुनौती तथा अवसर देखिन्छ ।





| सबलपक्ष | समस्या |
|---|---|
| •कार्यपालिकामा महिला तथा दलित समुदायको सम्मानजनक प्रतिनिधित्व रहेको । | •अपाङ्गतामैत्री भौतक संरचनाको अभाव, |
| •गाउँपालिका संञ्चालनको लागि आधारभूत रुपमाआवश्यक सम्पूर्ण कानुन, नीति तथा कार्यविधीहरु तर्जुमा भएको | •क्षमतानुसार रोजगारीका अवसरहरुको अभाव, |
| •गाउँपालिकाको आफ्नै भवन रहेको | •पूर्ण अपाङ्गता भएका व्यक्तिको दैनिक हेरचाह तथा स्याहारमा समस्या |
| •गाउँपालिकाका सबै शाखाहरुमा आवश्यक कर्मचारीहरु रहेको | •दलितहरुमा आर्थिक अभाव, गरिवी |
| •पालिकामा सबै समिति तथा उपसमितिहरु गठन गरिएका | •दलितहरुको स्रोत र साधनमा न्यून पहुँच |
| •कार्यालयका सम्पूर्ण सेवाहरु सहज रुपमा प्रवाह गर्न तदारुकता देखाइएको । | •दलित परिवारको निर्णय प्रकृयामा न्युन सहभागिता |
| •Web site मार्फत सुचाना तथा जानकारी सार्वजनिक गर्ने । | •दलित परिवारमा बेरोजगारी |
| •योजनाको सार्वजनिक परिक्षण तथा विद्यालयको सामाजिक परिक्षण भएको । | •सूचना प्रणाली प्रभावकारी नहुनु अभाव |
| •पालिकाको साथै १३ वटै वडामा नागरिक वडापत्रको प्रयोग भएको। | •शिक्षामा न्यून पहुँच साथै बालबालिकामा बिद्यालय छोड्ने समस्या |
| •कार्यालयमा सुचना सम्प्रेशणका लागि १ जना सुचना अधीकारीको व्यवस्था । | •जनचेतनाको अभाव |
| •नागरिकमा जागरण बढ्दै गएको | •सामाजिक विभेद |
| •सरकारद्वारा महिला तथा लक्षित वर्ग र आर्थिक सामाजिक रुपमा पछि परेका जातजातिलाई विभिन्न सामाजिक सुरक्षा तथा शिक्षा क्षेत्रमा प्रभावकारी रुपमा कार्यक्रम भैरहेको | •जेष्ठ नागरिकहरुमा पारिवारिक बोझ महसुस |
| | •जेष्ठ नागरिकहरुमा स्वास्थ्य परिक्षणमा समस्या |
| | •लैंगिक तथा यौनिक अल्पसंख्यक हरुको पहिचानमा समस्या |

| चुनौती | अवसर |
|---|---|
| •परम्परागत सोच र धारणामा परिवर्तन गराउनु<br>•सामाजिक चेतनाको स्तरमा वृद्धि गराउनु<br>•संविधान, ऐन नियम कार्यविधिहरुको प्रभावकारी कार्यान्वयन गर्नु<br>•लिङ्गको आधारमा समान ज्याला नहुनु,<br>•छुवाछुत मुक्त समाज घोषणा गर्नु,<br>•आवश्यकताको आधारमा भन्दा पहुँचको आधारमा कार्यक्रम छनौट तथा कार्यान्वयन हुनु,<br>•बाल बिवाह मुक्त वडा घोषणा गर्नु,<br>•लक्षित वर्गको लागि आवश्यक बजेट तथा कार्यक्रम निर्माण तथा लागु गर्नु,<br>•श्रोत साधन तथा बजेटको अपर्याप्तता,<br>•यथास्थितिवादी सोचमा अपेक्षाकृत परिवर्तन हुन नसक्नु,<br>•लैससासप्रति पुरुषहरुलाई संवेदनशील बनाउनु,<br>•सेवा प्रवाह प्रक्रिया झन्झटिलो हुनु,<br>•लक्षित वर्गको जीविकोपार्जनमा समस्या,<br>•लैससाससम्बन्धी बुझाइ र व्यवहारमा विभेदता । | •क्षमता अभिबृद्धिका लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरुबाट तालिमको अवसर ।<br>•लक्षित वर्गका लागि कार्यक्रम सञ्चालन गरी समावेशीकरणलाई सहयोग पुग्ने खालका अवसर ।<br>•प्रदेश सरकारसँगको सहकार्य ।<br>•लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि काम गर्ने सरोकारवाला संस्थाको चासो ।<br>•प्रदेश सरकारको लैससास नीति ।<br>•प्रदेश सरकारको आवधिक योजनामा लैससासलाई समेटिएको ।<br>•दलितलाई शिक्षा, स्वास्थ्यमा विशेष प्राथामिकता दिदै दलित छात्रवृत्ति र अभिमुखिकरण तालिम, क्षमता अभिबृद्धिका लागि बजेटको व्यवस्था ।<br>•विपन्न तथा गरिब परिवारको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा आयआर्जन कार्यक्रम |





**१.५ लैससास नीतिको आवश्यकता तथा औचित्य :**

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४, कार्यान्वयनमा ल्याइएको छ । सोही ऐनको दफा २४ ले पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा, स्थानीयस्तरमा विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत विषयगत क्षेत्रमा मध्यकालीन तथा दीर्घकालीन योजना बनाई लागू गर्नुपर्ने कुरालाई कानूनी दायित्वको रुपमा व्यवस्था गरेको र सोही दफाको उपदफा (२) मा योजना बनाउँदा लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्वन्धी अन्तर सम्वन्धित विषयलाई ध्यान दिनुपर्ने दायित्व स्थानीय सरकारको रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख गरिए वमोजिम गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत आफ्नो पालिकामा आर्थिक तथा सामाजिक रुपले पछि परेका वा पारिएका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्नुपर्ने र पालिकामा समस्याको रुपमा बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने गराउने दायित्वसमेत स्थानीय सरकारको रहेको छ । त्यसैले संवैधानिक तथा कानूनी दायित्व पूरा गर्नुका साथै देहायका आधार कारणसहित पालिकामा लैससास नीतिको आवश्यकता रहेको छ ।

यी प्रतिबद्धताका बावजुद, सन् २०१५ मा १६७ मुलुकहरूले महिलाको स्थितिका विषयमा हासिल भएका प्रगति बारे बुझाएको प्रतिवेदन अनुसार कुनै पनि मुलुकले अपेक्षित मात्रामा लैङ्गिक समानता हासिल गर्न नसकेको उल्लेख गरेको छ । सो प्रतिवेदनमा मुलुकहरूले लैङ्गिक समानताका लागि गरीरहेको पहल अत्यन्त सुस्त रहेको, लगानी अत्यन्त न्यून रहेको र औपचारिक समानता कायम गर्नमा मात्र केन्द्रित भई सारभूत समानता ल्याउन नसकेको औंल्याइएको छ ।

क) लामो समयदेखि विकास तथा नेतृत्वको मुलधारबाट वञ्चितीकरणमा

रहेका महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत समुदायका साथै अन्य विभिन्न कारणले पछाडि पारिएका समुदायलाई विकासमा मूलप्रवाहीकरण गरी सामाजिक न्यायसहितको दिगो विकास गर्न,

ख) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई स्थानीयकरण गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न,

ग) पालिकाको योजना तर्जुमा प्रक्रियादेखि कार्यक्रम सञ्चालन र परिणामसमेत लैससासमैत्री बनाउन,

घ) लैससासको अवधारणानुरुप पालिकाको शासन तथा नीतिगत तहमा सबैको समान प्रतिनिधित्व सुनिश्चित गर्न,

ङ) गाउँपालिकाको सबै स्रोतहरुमा आवश्यकतानुसार लैससास उत्तरदायी बनाउन,

च) गाउँपालिकाबाट सञ्चालित कार्यक्रमहरु लक्षित समूहसम्म पुर्‍याउन मार्गनिर्देशन गर्न,

छ) पालिकाको क्षेत्रमा समानुपातिक विकासको लागि मानवीय तथा संस्थागत क्षमता सुदृढीकरण गर्न,

ज) लैङ्गिक समानता तथा सामाजिक न्यायमा आधारित समृद्ध समाज निर्माण गर्न,

झ) समाजमा विद्यमान लैङ्गिक, जातिय, क्षेत्रीय, भाषिक तथा सामाजिक, आर्थिक र अन्य विभेदहरुको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्न र समाजको विविधतालाई संरक्षण गर्न,

ञ) समाजमा रहेका असमान शक्ति सम्वन्धको अन्त्य गरी समानता र न्यायपूर्ण सम्वन्धहरुको विकास गर्न ।





## परिच्छेद –२

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तथा रणनीतिक योजनाकोदीर्घकालीन सोच, लक्ष्य तथा उद्देश्य

**२.१. दीर्घकालीन सोच :**

लैङ्गिक समानता तथा सामाजिक समावेशी, समृद्ध र न्यायपूर्ण त्रिवेणी गाउँपालिका

**२.२. दीर्घकालीन लक्ष्य :**

समाजमा लिङ्ग, जाति, वर्ग, क्षेत्र तथा अवस्याको आधारमा विद्यमान भेदभाव तथा बञ्चितीकरण अन्त्य गरि समानता तथा समावेशिमुलक गाउँपालिकाको स्थापना गर्ने ।

**२.३ उद्देश्यहरु :**

१) त्रिवेणी गाउँपालिकाको नीति तथा कार्यक्रम, योजना, संरचनागत संरचना, सेवा, सुविधा तथा बजेट लैससास उत्तरदायी बनाउने ।

२) पालिकाबाट उपलब्ध गराइने सार्वजनिक स्रोत, साधन तथा सेवामा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रणको अवस्था बढाउन सशक्तिकरण गर्ने ।


३) महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य सुधारका लागिविशेष व्यवस्था गर्ने ।

४) महिला तथा लक्षितवर्गहरुको नेतृत्वदायी भूमिकाको अभिवृद्धि गर्ने ।

५) समाजमा विद्यमान लैङ्गिक तथा जातिय विभेद र सो आधारमा हुने हिंसा तथा अन्य हानीकारक परम्परा र अभ्यासको अन्त्य गर्ने ।

**२.४ परिवर्तनको सिद्धान्त :**

त्रिवेणी गाउँपालिकाको लैससास नीति बनाउनुको मुख्य सोच हो गाउँपालिका क्षेत्रमा बञ्चितीकरणमा परेका महिला तथा लक्षित वर्गहरूलाई आफ्नो अधिकार र आवश्यकता बारे माग दावी गर्न तथा विकास प्रक्रियामा योगदान पुर्‍याउन सक्षम हुने गरी सशक्तिकरण गर्नु हो । यो सोच पुरा गर्नका लागि गाउँपालिकाका साथै सबै सरोकारवाला साझेदार एवं सहयोगी समुदाय, समिति, संस्थाहरूको सांगठनिक संरचना, जनशक्ति परिचालन, कार्य संचालन विधि तथा श्रोत विनियोजनलाई लैससास संवेदनशील बनाउन परिवर्तनको सिद्धान्त अवलम्वन गरिएको छ । लैससास नीति तथा रणनीतिक योजनाको कार्यान्वयनबाट दीर्घकालिन रूपमा गाउँपालिका क्षेत्रमा देहाए अनुसार प्रभाव पर्ने छ :




**२.५ सिद्धान्त :**

देहायका सिद्धान्तका आधारमा यस लैससास नीति निर्माण गरिएको छ :

(क) अविभेद **(Non-Discrimination)**: यो नीतिले अविभेदको सिद्धान्तलाई स्वीकार गर्दछ ।





(ख) सारभूत समानता **(Substantive Equality)**: यो नीतिले लैससासका लागि सारभूत समानता अर्थात परिणाममा समानताको सिद्धान्तलाई अंगीकार गर्दछ ।

(ग) समता **(Equity)** : यस रणनीतिले असमान व्यक्तिहरूबीच समता कायम गर्न असमान व्यवहार गर्नुपर्ने सिद्धान्तलाई स्वीकार्दछ ।

(घ) कोही पछाडि नछुटुन **(No one Leave Behind)**: यो नीति दिगो विकास लक्ष्यको कोही पनि पछाडि नछुटुन् भन्ने अवधारणामा आधारित छ ।

(ङ) कसैलाई हानी नपुऱ्याउने **(Do no Harm)** : यो नीतिले कसैलाई पनि हानि नोक्सानी वा क्षति नपुऱ्याउने सिद्धान्त लिएको छ ।

(च) शून्य सहनशीलता **(Zero Tolerance)**: यो नीतिले लैङ्गिक शोषण, विभेद र हिंसाका घटनाहरूमा शून्य सहनशीलताको सिद्धान्तलाई अङ्गिकार गरेको छ ।

(छ) अर्थपूर्ण सहभागिता **(Meaningful Participation)**: यो नीतिको सफल तथा प्रभावकारी कार्यान्वयनका लागि जसको सरोकार उसको आवाज भन्ने सिद्धान्तलाई आत्मसात गर्दै सबै सरोकारवालाहरूको अर्थपूर्ण सहभागितालाई महत्व दिइएकोछ ।

(ज) साझेदारिता र सहकार्य **(Partnership and Collaboration)** : यो नीतिको प्रभावकारी कार्यान्वयनमा मुख्य सरोकारवालाहरूको समन्वय, साझेदारिता र सहकार्यलाई प्राथमिकता राखिएकोछ ।

(झ) सकारात्मक सोच **(Appreciative Inquiry)**: यो नीति सकारात्मक सोच लिई परिवर्तन संभव छ र आफैले गर्न सकिन्छ भन्ने सिद्धान्तबाट निर्देशित छ ।

२.६ परिभाषा

| | |
|---|---|
| नीति: | "त्रिवेणी गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) नीति तथा रणनीति-२०७९" लाई जनाउँदछ । |

**लिङ्ग:** "लिङ्ग" भन्नाले जन्मदाकै अवस्थाम जैविक आधारमा (जनेन्द्रिय) महिला, पुरुष वा अन्य फरक लिङ्गी भनि थाहा पाउने प्राकृतिक पहिचान ।

**लैङ्गिकता:** लैङ्गिकता भन्नाले लिङ्गको आधारमा महिला, पुरुष तथा अन्य फरक लिङ्गीहरुको लागि समाजबाट निर्धारित पहिचान, मूल्य, मान्यता तथा भूमिकाहरुलाई जनाउँदछ।

**अन्तरपक्षीय Intersectionality):** कुनै एक व्यक्तिले लिङ्ग, जातजाति, वर्ग र अन्य धेरै तत्वका आधारमा कसरीदमनको सामना गर्नुपर्दछ भन्ने बारे विश्लेषण गर्ने अवधारणा, सामाजिक पहिचान एवं दमन, शोषण वा विभेदजन्य प्रणालीका कारण सीमान्तकृत भएका व्यक्तिहरुको बारेमा बुझ्ने आधारलाई जनाउँदछ ।

**लैङ्गिक खण्डीकरण तथ्यांक:** लैङ्गिकताको आधारमा (महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यक) संख्या, आर्थिक सामाजिक शैक्षिक तथा अन्य विषयमा छुट्टाछुट्टै तथ्यांकहरु संकलन गर्ने तथा व्यवस्थित गर्ने ।

**बहुविभेद (Multiple discrimination):** लिङ्ग, वर्ण, जातजाति, धर्म वा आस्था, अपाङ्गता, उमेर, यौनिक रुझान वा अन्य विशेषताहरुमध्ये केही वा सबैका आधारमा गरिने भेदभाव

**लैङ्गिकसमता :** लिङ्गको आधारमा महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुको फरक आवश्यकताको आधारमा स्वच्छ निष्पक्ष र न्यायिक व्यवहार तथा लैङ्गिक समानता कायम गर्नको लागि गरिने न्यायिक व्यवहार तथा नीतिगत पहलहरु ।

**लैङ्गिक समानता:** महिला, पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक विच निजी तथा सार्वजनिक जीवनमा मानव अधिकारको उपयोग, योगदान, पहुँच तथा लाभमा समान अवस्था र अवसर ।





**लैङ्गिक मुलप्रवाहीकरण:** विकास तथा न्यायको पद्धतिमा महिला, गरिब तथा वञ्चितीकरणमा पारिएका व्यक्तिहरुको विषय तथा व्यवधानलाई मुलप्रवाहमा राखी कार्य गर्ने वा सो प्रकृयामा लैङ्गिक समानतालाई के कसरी अवलम्बन गर्ने वा मुलधारमा राख्ने भनि सुनिश्चित गर्ने रणानीति हो ।

**लैङ्गिक आवश्यकता:** लैङ्गिकताको अनुभवको आधारमा महिला र पुरुष वा अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकले प्राथमिकता दिएको र व्यक्त गरेका आवश्यकताहरु

**लैङ्गिक योजना:** लैङ्गिक संवेदनशील नीति कार्यान्वयन गर्न गरिने प्राविधिक र राजनीतिक प्रकृया र कार्यविधि ।

**लैङ्गिक सम्वन्ध:** महिला, पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यक विच प्रभूत्व वा अधिनस्तता जनाउने श्रेणीवद्ध शक्ति सम्वन्ध ।

**लैङ्गिक तालिम:** लैङ्गिक समानताका लागि लैङ्गिक मुद्दामा व्यक्तिगत वा संस्थागत चेतना तथा क्षमता अभिवृद्धि ।

**लैङ्गिक हिंसा:** लैङ्गिकताका आधारमा शारीरिक, मानसिक, आर्थिक, सांस्कृतिक, यौनजन्य तथा प्रजनन स्वास्थ्यमा हानि पुऱ्याउन सक्ने काम वा धम्की ।

**पितृसत्ता:** पुरुषबाट समाज निर्देशित हुनुपर्छ र महिला पुरुषको अधिनष्ट हो भन्ने मान्यता नै पितृसत्ता हो । पुरुष प्राथमिकीकरण मुल्य मान्यता र विश्वास

**पितृसत्तात्मक संरचना:** पुरुषको महिलामाथिको शारीरिक, सामाजिक र आर्थिक प्रभुत्व रहने गरी पद्धतिगत रुपमा संस्थागत गरिएको व्यवस्था ।

**लैङ्गिक भेदभाव:** लिङ्गको आधारमा अर्थात किशोर किशोरी महिला पुरुष र अन्य लैङ्गिक तथा यौनिक अल्पसंख्यकको आधारमा गरिने भेदभावपूर्ण सोच, व्यवहार, मूल्य मान्यता र कानुनी व्यवस्था ।

**लैङ्गिक श्रम विभाजन:** समाजद्वारा निर्धारित मान्यताका आधारमा महिला र पुरुषका लागि कुन काम गर्न ठिक वा बेठिक भनि गरिने निर्धारण ।

| | |
|---|---|
| लैङ्गिक तटस्थ: | विद्यमान लैङ्गिक असमानतालाई निरन्तरता दिने । |
| लैङ्गिक संवेदनशील: | विद्यमान लैङ्गिक असमानतालाई सम्वोधन गर्न आवश्यक लैङ्गिकमैत्री वाताबरण, बोलीचाली, व्यवहार, स्रोत सामग्री, नीति नियम, सेवा सुविधा, सुचना प्रवाह आदि । |
| लैङ्गिक रुपान्तरण: | महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको विद्यमान लैङ्गिक भूमिका र सम्बन्धलाई पुनःपरिभाषित गर्ने । |
| लैङ्गिक उत्तरदायी बजेट: | लैङ्गिक समानता र आर्थिक उन्नतिका लागि विकास र लगानीमा महिला र पुरुषको समान पहुँच पुऱ्याउन छुट्याउने बजेट । |
| समावेशिता: | शासकीय प्रणालीको निर्णय तथा कार्यान्वयन गर्ने प्रकृयामा जनताहरुको विविधता तथा बहुलतालाई समावेश गर्ने नीति । |
| लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण: | लैङ्गिक तथा समाजमा रहेका विभिन्न जातजाति आथिक तथा सामाजिक अवस्थाको आधारमा सबैलाई समाज तथा निर्णायक तह तथा प्रक्रियामा अर्थपूर्ण सहभागिताको लागि गरिने सकारात्मक प्रयास तथा पहलहरु |
| वहिष्कृत समूह: | लामो समयदेखि प्रणालीगत रुपमा विभिन्न कारणले बञ्चितीकरणमा पारेका समुदायहरु । |
| पीडित समूह : | परिस्थितिगत रुपमा पछाडि परेका वा पछाडि पर्ने सम्भावना भएका समूह |
| लैङ्गिकता प्रभाव विश्लेषणतथा मूल्यांकन : | महिला तथा पुरुषहरुमा फाइदाजनक प्रभाव परेको छ छैन सो को सुनिश्चित गर्न यसले नीति तथा अभ्यासहरुको विश्लेषण तथा मूल्यांकन गर्न । |
| लैङ्गिक तथा समावेशी संवेदनशील: | महिला, गरिब तथा वहिष्कृत वर्गलाई क्षेत्रीय स्रोत तथा अवसरहरुमा पहुँचको सुनिश्चितता गर्न महिला, पुरुष तथा यौनिक अल्पसंख्यकहरुको विभिन्न आवश्यकता, असमान शक्ति सम्बन्ध तथा असमानतालाई सम्वोधन गर्नु । |
| लैङ्गिक तथा समावेशीसम्पर्क व्यक्तिहरु : | कार्यालयमा लैङ्गिकता समानता तथा सामाजिक समावेशीकरण विषयमा काममा नीतिगत सुझाव दिने, काम गर्ने तथा सम्पर्क गर्ने व्यक्ति । |





| | |
|---|---|
| GESI संवेदनशील अनुगमन तथा मूल्यांकन: | लैगिकताको आधारमा शक्ति संरचना र प्रयोगमा हुने अन्तर मापन गर्नेआधार नै GESIसंवेदनशील अनुगमन तथा मूल्यांकन । |
| महिला सशक्तिकरण: | महिला सशक्तिकरण भनेको महिलालाई आफुहरुमाथि भएको सामाजिक आर्थिक राजनीतिक कानुनी तथा व्यवहारमा हुने गरेका लैङ्गिक विभेदको विरोध गरि गलत र सहि छुत्याउन सक्ने, गलत कार्यको विरोध गर्ने चुनौती दिने र सच्याउन पहल गर्न सक्ने क्षमतावान वनाउने प्रक्रिया । |
| सकारात्मक विभेद: | फरक तथा भेदभावका कारण पछाडि पारिएका समुदाय तथा क्षेत्रको लागि अरु जस्तै समान अवस्थामा पुऱ्याउनका लागि प्राथमिकताको आधारमा दिने थप सेवा सुविधा र विशेष व्यवस्था । |

## परिच्छेद–३

### लैससास नीति तथा रणनीतिक योजनाको प्रमुख नीति, रणनीति तथा कार्ययोजना

**३.१ प्रमुख नीतिहरु :**

माथि उल्लिखित उद्देश्यहरु परिपूर्तिका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिनेछ ।

१) नीति, कानून, योजना तथा कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशीमैत्री बनाउने,

२) लैङ्गिक समानता तथा समावेशीमैत्री संस्थागत संरचनाको विकास गर्ने,

३) लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण गर्ने,

४) लक्षित वर्ग तथा महिलाको नेतृत्व क्षमता विकास गर्ने,

५) पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक तथा जातिगत हिंसारहित गाउँपालिका बनाउने,

**३.२ लैससास मूलप्रवाहीकरणको रणनीतिहरु :**

त्रिवेणी गाउँपालिकाले माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरु परिपूर्ति गरी लैङ्गिक समानता तथा सामाजिक समावेशि पद्दती स्थापित गरी सबै नागरिकको हक हितको संरक्षण र सहभागितामूलक ढंगले समानुपतिक विकास गर्न देहाय बमोजिमको लैससास मूलप्रवाहीकरण रणनीतिहरु अवलम्वन गरिने छ ।

नीति १: नीति, कानून, योजना तथा कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशीमैत्री बनाउने ।

रणनीति १ : यस गाउँपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानून, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुलाइ पुनरावलोकन गरी लैससासमैत्री बनाउने ।

रणनीति २ : लैससास नीति कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गर्ने ।

नीति २ : लैङ्गिक समानता तथा समावेशीमैत्री संस्थागत संरचनाको विकास गर्ने ।

रणनीति १: लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमामार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा बन्चितिकरणमा परेका वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ ।

रणनीति २ : यस गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला, एकल महिला, दलित, अपागता भएका व्यक्तिहरु, ज्येष्ठ नागरिक, बालबालिकालगायतका लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न त्यस्ता वर्ग तथा समुदायको क्षमता विकास गरिने छ ।

नीति ३ : लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण गर्ने ।

रणनीति १ : महिला तथा लक्षित वर्गहरुकोआर्थिक उन्नतीका लागि विद्यमान भेदभावपूर्ण लैङ्गिक भूमिकालाई रूपान्तरण गरीस्थानीय उत्पादन, पर्यटन, उद्योग, कलकारखाना, श्रमबजार, व्यवसाय र कृषि एवं गैरकृषि क्षेत्रमा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने उपायहरू अपनाउनेछ ।

रणनीति २ : सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रण सुनिश्चित गर्ने ।

रणनीति ३ : पालिकामा गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्ने ।

नीति ४ : लक्षित वर्ग तथा महिलाको नेतृत्व क्षमता विकास गर्ने ।

रणनीति १ : गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समताको मान्यता अनुसार अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भूमिका वृद्धि गर्नुका साथै विकासको समतामूलक रुपमा प्रतिफल र लाभको उपभोग सुनिश्चित गर्दै आर्थिक सशक्तिकरणका गतिविधिहरु सञ्चालन गरिने छ ।

रणनीति २ : गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मुल्याङ्कन प्रणालीलाई लैससासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास सम्वन्धमा क्षमता अभिवृद्धि गरिने छ ।

नीति ५ : पितृसतात्मक, विभेदकारी सामाजिक मूल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक तथा जातिगत हिंसारहित गाउँपालिका वनाउने ।

रणनीति १ : यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरु माथि हुने हिंसा नियन्त्रण, हिंसा निषेध, पीडित संरक्षण तथा पीडित पुनर्स्थापना सम्बन्धमा नीतिगत व्यवस्था गरिनेछ ।

रणनीति २ : गाउँपालिकाभित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्न सबै सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने रणनीति अवलम्वन गरिने छ ।





## ३.३ लैससास मूलप्रवाहीकरण रणनीति कार्यान्वयनको लागि कार्ययोजना

उद्देश्य १: त्रिवेणी गाउँपालिकाको नीति तथा कार्यक्रम, योजना, संरचनागत संरचना, सेवा, सुविधा तथा वजेट लैससास उत्तरदायी बनाउने ।

नीति १: नीति, कानून, योजना तथा कार्यक्रम तथा वजेट लैङ्गिक उत्तरदायी तथा समावेशीमैत्री बनाउने,

| रणनीति | प्रमुख क्रियाकलापहरु (के कति पटक वा कति वटा) | समयावधि (कहिले गर्ने महिना र साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) | सद्रचक (उद्देश्य हासिल भएको थाहा पाउने आधारहरु) |
|---|---|---|---|---|---|
| १. यस गाउँपालिकामा तर्जुमा भएका विद्यमान नीति, कानुन, निर्देशिका, आवधिक योजना तथा मापदण्डहरुलाइ पुनरावलोकन गरी लैससासमैत्री बनाउने | विद्यमान नीति तथा कार्यविधि लैससासमैत्री वनाउन आवश्यक संशोधन गर्ने | आ.व. २०७९।८० बाट सुरु गर्ने | गाउँपालिका सबैका लागि | विधायन समिति महिला तथा बालबालिका शाखा | पुनरावलोकन गरेको कानुनको संख्या नयाँ कानुनको तर्जुमा |
| | इ यस गाउँपालिकाको भौतिक संरचनाहरु लैङ्गिकमैत्री, अपाङ्गतामैत्री, दलितमैत्री, जेष्ठ नागरिकमैत्री वनाउनका लागि भौतिक संरचनाका मापदण्ड निर्माण गरी लागु गर्ने । | आ.व. २०८०।८१ बाट सुरु गर्ने | लक्षित वर्ग | कार्यपालिका महिला तथा बालबालिका शाखा र योजना शाखा | मापदण्ड तथा भौतिक संरचना निर्माण भएको |
| | इ गाउँपालिकाको नीति, कानून, वार्षिक नीति तथा कार्यक्रम र वजेटको वार्षिक लैङ्गिक परीक्षण (Gender Audit) गर्ने । | प्रत्येक वर्ष | सबैका लागि | महिला तथा बालबालिका शाखा र लैससास कार्यान्वयन समिति | लैङ्गिक परिक्षण प्रतिवेदन |

| | | | | | |
|---|---|---|---|---|---|
| २. लैससास नीति कार्यान्वयनका लागि आवश्यक निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गर्ने | • लैससासको कार्यान्वयनको अवस्था अनुगमन निर्देशिका बनाउने | आ.व. २०७९।८० बाट सुरु गर्ने | गाउँपालिका सबैका लागि | लैससास कार्यान्वयन समिति | अनुगमन निर्देशिकाको खाका र अनुगमन प्रतिवेदन |
| | • यस गाउँपालिकाको लागि छुट्टै लैङ्गिक उत्तरदायी वजेट निर्देशिका वनाई पालिकाको वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा लागु गर्ने, | आ.व. २०७९।८० बाट सुरु गर्ने | पालिका सबै | लैससास कार्यान्वयन समिति आर्थिक समिति | लैङ्गिक उत्तरदायी वजेट निर्देशिका |

उद्देश्य २: पालिकाबाट उपलब्ध गराइने सार्वजनिक स्रोत, साधन तथा सेवामा महिला तथा लक्षित वर्गको पहुच र नियन्त्रणको अवस्था बढाउन सशक्तिकरण गर्ने ।

नीति २ : लैङ्गिक समानता तथा समावेशीमैत्री संस्थागत संरचनाको विकास गर्ने,

| रणनीति | प्रमुख क्रियाकलापहरु (के कति पटक वा कति वटा) | समयावधि (कहिले गर्ने महिना र साल) | लक्षित समूह (कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) | सूचक (उद्देश्य हासिलभएको याहा पाउने आधारहरु) |
|---|---|---|---|---|---|





| | | | | | |
|---|---|---|---|---|---|
| १: लैङ्गिक समानता तथा सामाजिक समावेशी परीक्षण र लैङ्गिक उत्तरदायी बजेट तर्जुमा मार्फत गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला तथा बन्चितिकरणमा परेका वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिने छ । | यस गाउँपालिकाबाट गठन हुने समितिहरुमा अध्यक्ष वा उपाध्यक्ष जस्ता प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक जातिको प्रतिनिधित्व हुने गरी समितिहरु गठन गरिने । | नियमित | सबैका लागि | लैससास कार्यान्वयन समिति र वडा कार्यालय<br>लैससास कार्यान्वयन समिति र वडा कार्यालय | समिति गठन प्रतिवेदन • बैठकको माइनुट |
| | गाउँपालिकाको लैङ्गिक खण्डिकृत तथ्याङ्क संकलन गर्ने र समयनुसार अद्यावधिक र योजना तजुमाका साथै समीक्षा गर्न प्रयोग गरिनेछ. | प्रत्येक वर्ष | सबैका लागि | कार्यपालिका वडा कार्यालय | प्रतिवेदन तथा तथ्यांक |
| | यस गाउँपालिकावाट कार्यक्रम सन्चालनको क्रममा गठन गर्ने विभिन्न समूह तथा उपभोक्ता समितिहरुमा विषयगत आवश्यकतानुसार महिला, दलित, जनजाति, अपाङ्गता तथा अन्य पछाडि पारिएका समुदायको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुने गरी गठन गरिनेछ। यसरी गठन गर्ने समूह तथा उपभोक्ता समितिहरुको प्रमुख पहिलो र दोस्रो पदमा फरक लिङ्ग तथा फरक जातिको प्रतिनिधित्व हुने गरी गठन गरिनेछ। | नियमित | सबै वडा | लैससास कार्यान्वयन समिति र वडा कार्यालय | समिति गठन प्रतिवेदन बैठकको माइनुट |
| | लैससासको लागि शाखा तथा ईकाइमा आवश्यक कर्मचारीको व्यवस्था गर्ने । | आ.व. २०८०।८१ वाट सुरु गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका | कर्मचारी विवरण |
| | वडा तथा पालिकामा जेष्ठ नागरिक मिलन केन्द्र स्थापना गर्ने । | आ.व. २०८१।८२ | गाउँपालिका सबैका लागि | कार्यपालिका | मिलन केन्द्र जेष्ठ स्थापनाको माइनुट भवन |
| | पीडित र असहाय नागरिकका लागि आवासीय सेवा केन्द्र संचालन गर्ने | आ.व. २०८१।८२ देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | महिला तथा बालबालिका शाखा | सेवा केन्द्रको प्रतिवेदन लाभग्राहीहरुको धारणा |
| | स्तनपान कक्ष स्थापना गर्ने | आ.व. २०८०।८१ | गाउँपालिका सबैका लागि | कार्यपालिका | स्तनपान कक्षको संरचना |

| | | | | | |
|---|---|---|---|---|---|
| २ : यस गाउँपालिकाको नीति निर्माण, योजना तर्जुमा, बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला, एकल महिला, दलित, अपागता भएका ब्यक्तिहरु, ज्येष्ठ नागरिक, बालबालिका, लगायतका लक्षित वर्गको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न त्यस्ता वर्ग तथा समुदायको क्षमता विकास गरिने छ | पालिका र वडाका सबै योजना तथा कार्यक्रमहरुमा लक्षित वर्गको प्रतिनिधित्व गराउने । | आ. व. २०७९।८० बाट सुरु गर्ने | गाउँपालिका सबैका लागि | महिला तथा बालबालिका शाखा | लक्षित वर्गको उपस्थिति तथा धारणा |
| | जनप्रतिनिधि र कर्मचारीबीच राष्ट्रिय तथा अन्तर ष्ट्रिय प्रतिवद्धताहरुमा छलफल गर्ने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | प्रतिवेदन |
| | लैससास सम्बन्धी सबै सरोकारवाला संस्था तथा नागरिक समाजमा बुझाइमा एकरुपमा ल्याउन शसक्तिकरण अभियान चलाउने | नियमित | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | प्रतिवेदन |





उद्देश्य ३ :महिला, बालबालिका, विपन्न तथा पिछडिएको वर्गको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य सुधारका लागि विशेष व्यवस्था गर्ने ।

नीति ३ : लक्षित वर्गहरुको आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य अधिकारको संरक्षण, सम्वर्द्धन तथा सशक्तिकरण गर्ने,

| रणनीति | प्रमुख क्रियाकलापहरु (के कति पटक वा कति वटा) | समयावधि (कहिले गर्ने महिना र साल) | लक्षित समुह (कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) | सुचक (उद्देश्य हासिल भएको थाहा पाउने आधारहरु) |
|---|---|---|---|---|---|
| १ :महिला तथा लक्षित वर्गहरुकोआर्थिक उन्नतीका लागि विद्यमान भेदभावपूर्ण लैङ्गिक भूमिकालाई रूपान्तरण गरीस्थानीय उत्पादन, पर्यटन, उद्योग, कलकारखाना, श्रमबजार, व्यवसाय र कृषि एवं गैरकृषि क्षेत्रमा प्रभावकारी सहभागिता सुनिश्चित गर्ने उपायहरू अपनाउनेछ । | लक्षित वर्गको लागि सिप विकास तथा उद्यमशीलताका कार्यक्रम संचालन गर्ने । | आ.व. २०७९।८० बाट सुरु गर्ने | गाउँपालिका सबैका लागि | महिला तथा बालबालिका शाखा | उद्यमी लक्षित वर्गको धारणा |
| | परम्परादेखि अभ्यासमा रहेको भेदभावमूलक लैङ्गिक भूमिका रूपान्तरणमा उदाहरणीय कार्य गर्ने परिवार र व्यक्तिलाई लैङ्गिक भूमिका रूपान्तरण अभियन्ताको रुपमा सम्मान गर्ने | प्रत्येक वर्ष | | कार्यपालिका | आर्थिक अवस्था कमजोर भएको परिवार |
| | एकल महिलाको लागि सिप विकास तालिम संचालन गर्ने । | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | महिला तथा बालबालिका शाखा | सहभागी एकल महिलाहरुको धारणा |

| | | | | | |
|---|---|---|---|---|---|
| सार्वजनिक स्रोत, साधन र लाभको उपयोगमा महिला तथा लक्षित वर्गको पहुँच र नियन्त्रण सुनिश्चित गर्ने, | स्थानीय उत्पादनलाई उचित मूल्यसहितको बजार व्यवस्थापन गर्ने र अनुगमन तथा मूल्यांकन गर्ने उनीहरुकै सहभागितामा विषयगत वडास्तरीय समूह तथा पालिकास्तरीय "महिला आर्थिक विकास सञ्जाल" निर्माण गरी परिचालन गरिने। | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | महिला समूह कृषक महिला | आर्थिक विकास शाखा महिला तथा बालबालिका शाखा स्वास्थ्य शाखा | |
| | महिलाहरुको लागि कार्यबोझ हटाउन लैङ्गिकमैत्री औजारहरुको प्रयोगमा प्रोत्साहित गर्ने । | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | कृषक महिला | कार्यपालिका | लैङ्गिकमैत्री औजारहरुको प्रयोगमा ल्याउनेहरुको धारणा |
| | महिलाहरुको यौन तथा प्रजनन स्वास्थ्य सुधारका लागि दैनिक स्वास्थ्य सुविधाका साथै पाठेघर खस्ने समस्या, यौनरोगसम्बन्धी समस्या, अनिच्छुक गर्भधारण, असुरक्षित गर्भपतन, बाँझोपन तथा महिनावारीसँग सम्बन्धित समस्याहरुको निशुल्क उपचार पालिकास्तरमा उपलब्ध गराउन "प्रजनन स्वास्थ्यको अधिकार पालिकाको सरोकार" कार्यक्रम सञ्चालन गर्ने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि. | महिला तथा बालबालिका शाखा स्वास्थ्य शाखा | सेवाको उपलब्धता सेवा लिने व्यक्तिको अभिलेख |
| | सबै गर्भवती महिला र बालबालिकाहरुलाई उचित चेकजाँच गरी तथा खोपको मात्रा पुऱ्याउन जनचेतना फैलाउने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | स्वास्थ्य शाखा | स्वास्थ्य संस्थाको प्रतिवेदन |
| | किशोर किशोरी तथा युवा युवतीहरुको स्वरोजगार प्रवर्द्धनका लागि शिप तथा क्षमता विकास कार्यक्रम संचालन गर्ने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका | क्षमता विकास कार्यक्रममा सहभागी महिला तथा लक्षित वर्गको विवरण |
| | स्थानीय भाषा, रहन सहन, संस्कृति प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गर्ने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका | प्रतिवेदन |





| | | | | | |
|---|---|---|---|---|---|
| पालिकामा गुणस्तरिय शिक्षाको प्रवर्द्धन गर्ने | असहाय बालबालिकाको पठनपाठनको लागि छात्रवृत्तिको व्यवस्था गर्ने | आ.व. २०८०।८१ देखि प्रत्येक वर्ष संचालन गर्ने | आर्थिक अवस्था कमजोर भएका विद्यार्थी | शिक्षा, युवा तथा खेलकुद शाखा | छात्रवृत्ति पाएका असहाय बालबालिकाको विवरण |
| | यस पालिका अन्तर्गतका हरेक विद्यालयहरुमा नैतिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिने गरि शिक्षहरुको क्षमता विकास गर्ने | आ.व. २०८०।८१ देखि प्रत्येक वर्ष संचालन गर्ने | पालिकाका विद्यार्थी तथा सामाजिक विषयका शिक्षकहरु | शिक्षा, युवा तथा खेलकुद शाखा | माध्यामिक तहका विद्यालय |
| | किशोर किशोरीहरुलाई दुरर्व्यसनीबाट बचाउन शिक्षक विद्यार्थी सहकार्य कार्यक्रम सञ्चालन गर्ने । उत्कृट शिक्षकलाई विद्यार्थीमैत्री शिक्षक पुरस्कारबाट सम्मानित गर्ने । | आ.व. २०८०।८१ देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबै लागि विद्यालय तथा विद्यार्थी र शिक्षक | शिक्षा, युवा तथा खेलकुद शाखा | माध्यामिक तहका विद्यालय |
| | हरेक विद्यालयमा यौन दुरर्व्यहार नियन्त्रण आचार संहिता बनाउन वडाकार्यालयले विद्यालयसँग सहकार्य गर्ने । | आ.व. २०८०।८१ वर्ष भित्र | गाउँपालिका सबैका लागि | वडा कार्यालय महिला तथा बालबालिका शाख | माध्यामिक तहका विद्यालय |
| | विद्यालयहरुमा लैङ्गिक समानता, प्रजनन स्वास्थ्य अधिकार, दुरर्व्यसन र दुरर्व्यहार सम्बन्धी अतिरिक्त कक्षाहरु सञ्चालन शिक्षकहरुलाई क्षमता विकास तथा सहयोग गर्ने | आ.व. २०८०।८१ देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | शिक्षा, युवा तथा खेलकुद शाखा महिला तथा बालबालिका शाख | माध्यामिक तहका विद्यालय |

उद्देश्य ४: महिला तथा लक्षितवर्गहरुको नेतृत्वदायी भूमिकाको अभिवृद्धि गर्ने

नीति ४ : लक्षित वर्ग तथा महिलाको नेतृत्व क्षमता विकास गर्ने,

| रणनीति | प्रमुख क्रियाकलापहरु (के कति पटक वा कति वटा) | समयावधि (कहिले गर्ने महिना र साल) | लक्षित समूह (कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) | सूचक (उद्देश्य हासिल भएको थाहा पाउने आधारहरु) |
|---|---|---|---|---|---|
| १ : गाउँपालिकाको दिगो विकास र आर्थिक समृद्धिको लागि महिला तथा लक्षित वर्गलाई समताको मान्यता अनुसार अवसर सिर्जना गर्ने, लक्षित समुदायको नेतृत्वदायी भुमिका वृद्धि गर्नु | पालिका र वडाका सबै योजना तथा कार्यक्रमहरुमा लक्षित वर्गको प्रतिनिधित्व गराउने । | आ.व. २०७९।८० बाट सुरु गर्ने | महिला तथा लक्षित वर्ग | महिला तथा बालबालिका शाखा | लक्षित वर्गको उपस्थिति तथा धारणा |
| | निर्णय प्रक्रियामा महिलाहरुको सहभागिता गराउन वित्तीय साक्षर कक्षा संचालन गर्ने । | आ.व. २०८१।८२ देखि प्रत्येक वर्ष संचालन गर्ने | महिला समुह | कार्यपालिका | प्रतिवेदन |
| | महिला उद्यमी नेतृत्व विकासमा प्रोत्साहित गरी साना उद्योग संचालनमा व्याजमा सहुलियत प्रदान गर्ने | आ.व. २०८०।८१ देखि प्रत्येक वर्ष संचालन गर्ने | उद्यमी तथा उद्यम व्यवसाय सन्चालन गर्न सक्ने महिला | कार्यपालिका गैसस संग सहकार्य निजी व्यवसायसँग सहकार्य | सहुलियत कार्यक्रमको प्रतिवेदन गा.पा.को निर्णय सन्चालित कार्यक्रमको विवरण सहभागीहरुको संख्या |
| | राजनीतिमा महिलाहरुको नेतृत्व विकासका लागि परिवारका सदस्यहरुसँग घरायसी कार्यबोझ वाँडफाँट अभियानमुखी कार्यक्रम सञ्चालन गर्ने । | आ.व. २०८१।८२ देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | महिला तथा बालबालिका शाखा | प्रतिवेदन |
| | महिलाहरुको घरायसी एवं व्यावसायिक कार्यबोझ सन्तुलन ल्याउन र घरको कार्यबोझ कम गर्न वडास्तरिय रुपमा पुरुषहरुको समुह तयार गरि अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने र सफल पुरुषको लागि "सहयोगी पुरुष पुरस्कार" नाउँमा वार्षिक पुरस्कार स्थापना गर्ने र वितरण गर्ने, | | | | |





| | | | | | |
|---|---|---|---|---|---|
| २ गाउँपालिकाको सेवा प्रवाह, संस्थागत व्यवस्था, अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई लैस्सासमैत्री बनाउन कर्मचारी, पदाधिकारी, सरोकारवाला तथा नागरिक समाजका सङ्गठनहरूको लैससास सम्बन्धमा क्षमता अभिवृद्धि गरिने छ । | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हकमा भएका नीति, कानुन तथा प्रतिवद्धता र कार्यान्वयन सम्बनधमा पालिका कर्मचारी, पदाधिकारी र सरोकारवाला वीच अन्तरक्रियाँ कार्यक्रम सञ्चालन गर्ने | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | प्रतिवेदन |
| | कार्यस्थलमा हुने यौनजन्य हिंसा अन्त्यका लागि आचारसंहिता वनाई कार्यालयमा टाँस गर्ने र कार्यान्वयन गर्ने । | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | तयार गरेका आचारसंहिता |
| | यस गाउँपालिकावाट निर्वाचित पदाधिकारीहरुको अर्थपूर्ण नेतृत्व विकासका लागि जिम्मेवारीअनुसार विषयगत नेतृत्व क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने, | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | कार्यक्रम प्रतिवेदन |
| | महिलाहरुको घरायसी एवं व्यावसायिक कार्यबोझ सन्तुलन ल्याउन र घरको कार्यबोझ कम गर्न वडास्तरिय रुपमा पुरुषहरुको समुह तयार गरि अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने र सफल पुरुषको लागि "सहयोगी पुरुष पुरस्कार" नाउँमा वार्षिक पुरस्कार स्थापना गर्ने र वितरण गर्ने, | आ.व. २०७९।८० देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका र महिला तथा बालबालिका शाखा | गठन भएका पुरुष समुहको संख्या समुदायमा समाधान भएका घटनाहरूको संख्यात्मक विवरण हिंसा निवरणमा सक्रिय समुह तथा व्यक्ति र व्यक्तिको लगत सम्मान र पुरस्कार प्राप्त गर्ने व्यक्तिको विवरण |

उद्देश्य ५: समाजमा विद्यमान लैङ्गिक तथा जातिय विभेद र सो आधारमा हुने हिंसा तथा अन्य हानीकारक परम्परा र अभ्यासको अन्त्य गर्ने ।

नीति ५ : पितृसतात्मक, विभेदकारी सामाजिक मुल्य मान्यता, कुरीति तथा अन्धविश्वासका साथै लैङ्गिक तथा जातिगत हिंसारहित गाउँपालिका बनाउने,

| रणनीति | प्रमुख क्रियाकलापहरु (के कति पटक वा कति वटा) | समयावधि (कहिले गर्ने महिना र साल) | लक्षित समूह (कार्यक्रम वा क्रियाकलापहरु कसको लागि गर्ने) | जिम्मेवारी (कसले गर्ने, नेतृत्व कसले लिने) | सूचक (उद्देश्य हासिल भएको थाहा पाउने आधारहरु) |
|---|---|---|---|---|---|
| १ :यस गाउँपालिकामा विद्यमान लैङ्गिकतामा आधारित महिला, पुरुष र लैङ्गिक तथा यौनिक अल्पसंख्यकहरुमाथि हुने हिंसा नियन्त्रण, हिंसा निषेध, पीडित संरक्षण तथा पीडित पुनर्स्थापना सम्बन्धमा नीतिगत व्यवस्था गरिनेछ । | लैङ्गिक हिंसा, जातिय छुवाछुत मुक्त पालिका घोषणा गर्ने | आ.व. २०८१।८२ देखि प्रत्येक वर्ष संचालन गर्ने | गाउँपालिका सबैका लागि | गा.पा. न्यायिक समिति कार्यपालिका, वडा कार्यालय | गा.पा.ले घोषणा गरेको निर्णय |
| | लैङ्गिक हिंसा नियन्त्रणसम्बन्धी पाँच वर्षे कार्ययोजना तर्जुमा गरी कार्यान्वयन गर्ने, | आ.व. २०८०।८१ साल भित्र तर्जुमा गर्ने कायालय गर्ने | गाउँपालिका सबैका लागि | कार्यपालिका, महिला तथा बालबालिका शाखा | कार्ययोजना |
| | बालबालिका बराबर भन्ने चेतना अभिवृद्धिका लागि विद्यालयको सहकार्यमा वडा स्तरिय बाल सञ्जाल गठन गर्ने | आ.व. २०८१।८२ | | कार्यपालिका वडा कार्यालय | बाल सञ्जालको विवरण |
| | न्यायिक समितिलाई लैङ्गिक हिंसा विरुद्धका कानुनी व्यवस्था, मुद्धाका प्रक्रिया, प्रमाण संकलन लगायत ध्यान दिनु पर्ने अत्यावश्यक सिद्धान्त तथा कानुनी प्रक्रियाको बारेमा क्षमता विकास गर्ने । | आ.व. २०८१।८२ | | कार्यपालिका वडा कार्यालय | गा.पा.को निर्णय<br>आयोजित प्रशिक्षण कार्यक्रम संख्या<br>सहजकर्तासंगको करार<br>सहभागीहरुको उपस्थिति अभिलेख<br>प्रगति प्रतिवेदन |
| | बालविवाहविरुद्ध उजुरी सयन्त्र तथा दण्ड सजायबारे नागरिक वडापत्र बनाई वडा वडामा टाँस गर्ने, | आ.व. २०७९बाटै | समुदायको लागि | वडा कार्यालय | नागरिक वडापत्र |
| | जातिगत हिंसाविरुद्ध कानुनी सचेतना कार्यक्रम संञ्चालन गर्ने र विद्यमान कानुनको प्रभावकारी कार्यान्वयनको समुदायस्तरमा छलफल कार्यक्रम सञ्चालन गर्ने, | आ.व. २०८०बाट प्रत्येक वर्ष गर्ने | महिला समुह युवा समुह धर्मगुरु समाजसेवी | पालिका गैरसरकारी संस्था अन्य सरोकारवाला समुहहरु | गा.पा.को निर्णय<br>आयोजित कार्यक्रम संख्या<br>सहजकर्तासंगको करार<br>सहभागीहरूको उपस्थिति अभिलेख<br>प्रगति प्रतिवेदन |
| | विभिन्न सञ्चार माध्यमबाट जातिगत आधारमा हुने छुवाछुत, सामाजिक कुरीति उन्मुलन गर्न सचेतनामुलक सन्देश तथा कार्यक्रमहरु सञ्चालन गरिने, | नियमित | समुदाय सबै | पालिका स्थानिय सञ्चार माध्यमसँग समन्वय | कार्यक्रमको रेकर्ड |





| | | | | | |
|---|---|---|---|---|---|
| २. गाउँपालिका भित्र हुने सबै प्रकारका लैङ्गिक विभेद अन्य सामाजिक कु-संस्कार हरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभूति हुने सभ्य समाजको निर्माण गर्न सबै सरोकारवालाहरुसँग सहकार्य र समन्वय गर्ने रणनीति अवलम्बन गरिने छ | लागु औषध दुर्व्यसनीविरुद्धका स्वस्थ्य जीवनको अधिकार विषयक किशोरकिशोरी तथा युवायुवतीहरुको नेतृत्वमा अभियानमुलक कार्यक्रम चलाउने, | नियमित | किशोरकिशोरी सबै | पालिकाको सहकार्यमा विद्यार्थी, किशोरकिशोरी गैरसरकारी संस्था | कार्यक्रमको रेकर्ड प्रतिवेदन |
| | वैदेशिक रोजगारबाट सृजित पारिवारिक तथा सामाजिक विचलन नियन्त्रणको लागि परिवार परामर्श तथा सहयोग कार्यक्रम चलाउने र स्वरोजगारको लागि प्रोत्साहन गर्ने, | नियमित | वैदेशिक रोजगारमा गएका पारिवारिक अभिभावक विहिव बालबालिका एकल महिला | पालिका, महिला तथा बालबालिका समिति गैसस | लाभाम्वितहरुको संख्या<br>कार्यक्रमको संख्या |
| | लैङ्गिक तथा जातिय विभेद अन्त्यका लागि समुदायमा सम विकास तालिमहरूलाई व्यापकता दिने । | | | विषयगत कार्यालयहरू गैससहरू | गा.पा.को निर्णय<br>आयोजित तालिम कार्यक्रम संख्या<br>सहजकर्तासंगको करार<br>सहभागीहरूको उपस्थिति अभिलेख<br>प्रगति प्रतिवेदन |
| | हिंसा पीडितलाई निशुल्का कानुनी सेवा तथा परामर्शको व्यवस्था गर्ने | | | | परामर्श लिएका पीडितहरुको संख्याको रेकर्ड |
| | हिंसा प्रभावित व्यक्तिहरूको सामाजिक पुनःएकीकरण र पुनरलाभका लागि सार्वजनिक क्षेत्र, निजी क्षेत्र र गैरसरकारी संघ संस्थाको साझेदारिता र सहकार्यमा शिक्षा, सीप, रोजगारी र आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।<br>पुनस्थापना तथा सेवाकेन्द्रको स्थापना गर्ने | नियमित | लैङ्गिक हिंसाबाट पीडित महिलाहरु | न्यायिक समिति महिला तथा बालबालिका समिति कार्यपालिका आर्थिक समिति | इ गा.पा.को निर्णय<br>इ आवधिक संरक्षण गृहको स्थापना<br>इ निर्मित आवासीय हेरचाह सम्बन्धी न्युनतम मापदण्ड<br>इ लाभन्वीत लीषत वर्गको संख्या<br>इ प्रगति विवरण |
| | गाउँपालिकाको लैङ्गिक हिंसाको खिण्डिकृत तथ्याङ्क संकलन गर्ने र समयनुसार अद्यावधिक र योजना तर्जुमाका साथै समीक्षा गर्न प्रयोग गरिनेछ | प्रत्येक दुइ वर्ष | हिंसा पीडित महिलाहरु | वडा कार्यालय महिला तथा बालबालिका शाखा लैंगिक फोकल पर्सन | संकलित तथ्याङ्क |

## परिच्छेद-४

## लैससास नीति तथा रणनीतिक योजनाको कार्यान्वयन तथा अनुगमन

### ४.१ संस्थागत संरचना :

यस नीतिमा भएका प्रावधानलाई प्रभावकारी कार्यान्वयन तथा अनुगमन गर्न, कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित सरकारी तथा गैरसरकारी संघसंस्थासँग सहकार्य गर्न, नीतिको पुनरावलोकन तथा समयसापेक्ष संसोधन गर्न यो नीतिअनुरुप लैससास मूलप्रवाहीकरण रणनीतिको प्रभावकारी कार्यान्वयन गर्न देहायका समितिहरुको व्यवस्था गरेको छ।

| नगरपालिका स्तर | वडा स्तर | समुदाय स्तर |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष संयोजकत्वमा लैससास नीति तथा रणनीतिक योजना अनुगमन तथा समन्वय समिति<br>• महिला विकास शाखालाई सम्पर्क विन्दुको जिम्मेवारी सहित नीति कार्यान्वयन कार्यदल<br>• योजना शाखा अन्तर्गत अनुगमन तथा मूल्याङ्कन कार्यदल | • महिला वडा सदस्यको संयोजकत्वमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल<br>• अगुवा महिलाको संयोजकत्वमा लैससास वडा नागरिक मञ्च | • महिला समूहहरु<br>• बाल क्लब/सञ्जाल<br>• पुरुष तथा युवा समुह वा क्लब<br>• किशोर किशोरी समूह<br>• धर्मगुरु धामी झाँक्री समुह<br>• विद्यालय परिवार<br>• अपाङ्गता संस्थाहरु<br>• दलित, आदिवासी जनजाती, लोपन्मुख, पीछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी संस्थाहरु<br>• महिला सहकारी संस्थाहरु<br>• उपभोक्ता समितिहरु |

क) पालिकास्तरीय लैससास नीति तथा रणनीतिक योजना अनुगमन तथा समन्वय समिति

यस समितिमा देहायका सात सदस्यहरु रहने छ।

क) गाउँपालिकाका उपाध्यक्ष -संयोजक

खा) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

ग) सामाजिक विकास समितिका संयोजक -सदस्य

घ) कार्यपालिकाका सदस्यहरु मध्येबाट संयोजकले तोकेका कम्तीमा १ जना महिलासहित २ जना -सदस्य

ङ) सामुदायिक संघ संस्थाहरु मध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका कम्तीमा १ जना महिलासहित २ जना -सदस्य

च) लैससास हेर्ने शाखा प्रमुख -सदस्य सचिव





**ख) पालिकास्तरीय लैससास नीति तथा रणनीतिक योजना अनुगमन तथा समन्वय समिति काम कर्तव्य र अधिकार :**

१) लैससास नीति तथा रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने र अन्य निकाय तथा सरोकारवालासँग प्रभावकारी समन्वय र सहकार्य गर्ने।

२) गाउँपालिकामा निर्माण हुने सबै प्रकारका ऐन, कानून, कार्यविधि, आवधिक योजना र अन्य प्रकासित दस्तावेजमा लैससासको विषयवस्तुको समावेश गरी मूलप्रवाहीकरण गर्ने।

३) लैससास रणनीति अनुरुप लैङ्गिक तथा समाजिक विकासको कार्यविधि तयार गरी कार्यान्वयन गर्ने।

४) योजना तथा बजेट तर्जुमा गर्दा लैससासका समस्या समाधान हुने गरी उत्तरदायी बनाउन प्राविधिक सहयोग गर्ने।

५) लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्क सङ्कलन एवम् विश्लेषण गर्न सहयोग गर्ने।

६) लैससास सम्बन्धी क्षमता अभिवृद्धि योजना तयार गरी लैससास क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने र गराउने।

७) लैससास रणनीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको समाधान गर्न आवश्यक व्यवस्था गर्ने।

८) उल्लेखित कार्यहरु गर्न कार्य योजना र बजेट सहित योजना बनाई कार्यान्वयन गर्ने र गराउने।

**ग) वडास्तरमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदल**

यस कार्यदलमा देहायका पाँच सदस्यहरु रहने छ।

क) महिला सदस्य -संयोजक

ख) वडासदस्य (महिला र दलित महिलासहित ३ जना -सदस्य

ग) वडा सचिव -सदस्य सचिव

घ) अतिथि संघ संस्थाबाट आवश्यकतानुसार २ जना -सदस्य

**घ) वडास्तरमा वडा स्तरीय अनुगमन तथा परामर्श कार्यदलको काम कर्तव्य र अधिकार**

यस कार्यदलको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१) त्रिवेणी गाउँपालिकाको लैससास समन्वय समितिले गरेको कार्यहरु जस्तै: ऐन, कानून, नीति, आवधिक योजना विषयगत योजना र अरु प्रकाशित हुने सबै प्रकारका दस्तावेज समुदायस्तरका सरोकारवाला र नागरिक समाजसँग छलफल गरी लैससास सम्बन्धी विषयवस्तुहरु समावेश गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने ।

२) गाउँपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृयादेखि कार्यान्वयन र अनुगमनको चरणसम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

३) गाउँपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकूल अद्यावधिक गर्न सहयोग गर्ने ।

४) गाउँपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाइदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

५) गाउँपालिकाको वडास्तरमा लैससास सम्वन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

६) उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

**ङ) अन्य उल्लेखित समिती तथा समुहहरु आवश्यकता अनुसार गठन गर्नेछ ।**

**४.२ बैठक, कार्यविधि र सेवा सुविधा :**

क) गाउँपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि वस्न सक्ने छ ।

ख) वडास्तरीय समितिको बैठक प्रत्यक २ महिनामा बस्ने छ ।

ग) समिति र उपसमितिका बैठकहरूको कार्यविधि गाउँपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा गाउँपालिकाको नियम बमोजिम हुनेछ ।





**४.३ अनुगमन तथा मूल्यांकन :**

यस नीति तथा रणनीतिक योजनाको कार्यान्वयनको अनुगमन तथा मूल्यांकन गर्न देहाय बमोजिमको समिति गठन गरिने छ । यस कार्यको लागि दिगो विकास लक्ष्यमा आधारित एकीकृत अनुगमन निर्देशिका तयार गरिने छ ।

१) गाउँपालिका [illegible]रीय लैससास मूलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मूल्या[illegible]नको लागि ५ सदस्यीय अनुगमन तथा मूल्याङ्कन समिति गठन [illegible] छ ।

२) अनुगमन समितिमा लैससास सम्वन्धी ज्ञान भएको कर्मचारी तथा पदाधिकारी र तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ ।

३) लैससास रणनीतिले लिएको ध्येय, लक्ष्य,उद्देश्य र कार्ययोजना कार्यान्वयनको सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन गरिने छ। हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी रणनीतिको प्रभावकारिता समीक्षा गरिने छ र आवश्यकतानुसार संशोधन गरिनेछ ।

४) अनुगमन र मूल्याङ्कन टोलीमा स्थानीय सरोकारवाला र लक्षित वर्गलाई पनि सहभागी गराइनेछ ।

**४.४ समन्वय तथा सहकार्य :**

- लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिकाभित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु र बैंक, वित्तीय संस्था, सहकारी, उद्योग, वाणिज्य संघ, घरेलु उद्योग तथा गैह्र सरकारी संघसंस्थावीच समन्वय तथा सहकार्य गर्ने ।
- प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति, स्थानीय तहलगायत अन्य विकास साझेदारहरुसँग लैससासमैत्री साझा प्रतिफल हासिल गर्न सहकार्य गर्ने ।
- गाउँपालिकाका नीति, कानुन, मापदण्ड, कार्यविधि तथा विभिन्न क्षेत्रगत योजनाहरुको पुनरावलोकन गर्न तथा कानुनको मस्यौदा तयार गर्न,
- लैङ्गिक खण्डिकृत तथ्यांक संकलन गर्न र विश्लेपण गर्न,
- क्षमता विकास तथा अभियानमूलक कार्यक्रमहरु योजना तयार गर्न तथा सञ्चालन गर्न,
- कार्यक्रमहरुको अनुगमन तथा मूल्यांकन गर्न,

- यस नीतिअनुसार आर्थिक, सामाजिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रको विकाससँग सम्बन्धित कार्यक्रमको आवश्यक स्रोत संकलन तथा सहयोग प्राप्त गर्न,
- नीति नियम तथा कार्यक्रमको लैङ्गिक लेखाजोखा गर्न प्राविधिक सहयोग प्राप्त गर्न,
- रोजगारीमूलक कार्यक्रमको लागि आवश्यक सहकार्य र समन्वय गर्न गराउन,
- लैङ्गिक उत्तरदायी वजेट योजना निर्देशिका तयार गर्न,
- यस नीतिको अनुगमन तथा मूल्यांकन निर्देशिका तयार गर्न ।

**४.५ नीतिको पुनरावलोकन तथा सुधार :**

यस नीतिमा आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक पाँच वर्षमा एक पटक नीतिको पुनरावलोकन गर्नुपर्ने छ। समितिले आवश्यक ठानेमा जुनसुकै वेला पनि गर्न सक्नेछ। यसरी पुनरावलोकन पालिकास्तरीय लैससास नीति अनुगमन तथा समन्वय समिति आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ।

**४.६ जोखिम तथा न्युनीकरण :**

प्रस्तुत लैससास नीति तथा रणनीतिक योजनाको प्रकृति र स्वरूप वृहद भएको र साझा सरोकारको विषय भएकोले यसको प्रभावकारी कार्यान्वयनमा विभिन्न प्रकारका अवरोध आउन सक्छन । प्रमुख जोखिमहरू निम्न अनुसार छन् :





| जोखिम | जोखिम न्युनीकरण |
|---|---|
| • लससासको अवधारणा बारे साझा बुझाईमा एकरूपता नहुने हुनाले नीति कार्यान्वयनमा असहयोग र प्रतिरोध हुन सक्ने ।<br>• समाजमा अझै पनि पितृसत्ता र सामन्तवादी सोच हावी रहेको सन्दर्भमा यस नीति कार्यान्वयन प्राथमिकता नपर्न सक्छ ।<br>• यो नीति बहुपक्षीय सरोकारको विषय भएकोले समन्वय र सहयोगको अभावमा यसको कार्यान्वयन अपेक्षाकृत प्रभावकारी नहुन सक्छ ।<br>• यो नीतिको कार्यान्वयनमा संस्थागत क्षमता, जनशक्ति र श्रोत साधनको परिचालनका लागि आवश्यक आन्तरिक तथा वाह्य श्रोत विनियोजनमा लैससास संवेदनशीलताको अभावका कारण प्राथमिकता नपाउन सक्छ । | • यो नीतिको सफल कार्यान्वयनका लागि सवै सरोकारवाला सरकारी निकाय, संघसंस्था, विकास साझेदारहरू र निजी क्षेत्रवीच साझा अवधारणा, सहमति, प्रतिवद्धता, सहयोग र समन्वयका लागि बृहद छलफल गर्ने ।<br>• आचार संहिता तथा मापदण्डहरू छिटो भन्दा छिटो तयार गरी नीति बारे सम्वन्धित सवैलाई अभिमुखीकरण गर्ने ।<br>• गाउँपालिका र वडा कार्यलयहरूमा लैससासका सवालहरू बारे ज्ञान दक्षता सहितको जनशक्ति निर्माणमा विशेष जोड दिने ।<br>• संघीय सरकार, प्रदेश सरकार र विकास साझेदारहरूसँग समन्वय गरी श्रोत साधनको परिचालन गर्ने ।<br>• गाउँपालिकामा लैससास वारे विज्ञ र व्यावसायिक दक्षता भएका व्यक्तिहरूको निरन्तर भेला, वैठक र छलफल गराई राय परामर्श लिने र समस्या समाधान गर्ने । |

## परिच्छेद–५

## लैससास नीति तथा रणनीतिक योजनाको कार्यान्वयन

### ५.१ नीति तथा रणनीतिक योजनाका पुनरावलोकन तथा सुधार

यस नीतिमा आवश्यकतानुसार परिमार्जन गर्न प्रत्येक वर्षमा एक पटक पुनरावलोकन गर्नुसक्ने छ। पालिकाले आवश्यक ठानेमा जुनसुकै वेला पनि गर्न सक्नेछ। यसरी पुनरावलोकन पालिकास्तरीय लैससास नीति अनुगमन तथासमन्वय समिति आफै वा विशेषज्ञ नियुक्ति गरी गर्न सक्नेछ।

### ५.२ आर्थिक स्रोत

यस लैससास नीति तथा रणनीतिक योजना कार्यान्वयनका लागि आवश्यक स्रोत साधन व्यवस्थापन गर्नु त्रिवेणी गाउँपालिकाको प्रमुख दायित्व हुनेछ । गाउँपालिकाको सम्पूर्ण विषयगत शाखाहरुले आ-आफ्नो योजना तथा कार्यक्रममानै लैससासलाई मूलप्रवाहीकरण गर्नु पर्दछ । यो रणनीति कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधि, मापदण्ड, निर्देशिका निर्माण, लैससास विज्ञको आपुर्ति जस्ता विविध कार्यहरुका लागि लाग्ने अनुमानित स्रोत साधनबारे सरोकारवालाहरुसँग छलफल गरी गाउँपालिकाले प्रत्येक आर्थिक वर्षको नीति तथा बजेटमा यो शीर्षकमा आवश्यक बजेट विनियोजन गर्ने छ । लैससास रणानीतिक योजना कार्यान्वयन गर्न आन्तरिक तथा बाह्य स्रोतको समेत परिचालन गर्नेछ।

### ५.३ मानवीय स्रोत

यस लैससास नीति तथा रणनीतिक योजनालाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजान आवश्यकता अनुसार संयोजन र सहकार्य गर्ने प्रमुख जिम्मेवार गाउँपालिकास्तरीय लैससास कार्यान्वयन समिति रहनो यस रणनीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँसभाका सबै पदाधिकारी, वडा, टोलस्तरीय समितिलगायत नागरिक समाजको समेत जिम्मेवारी र दायित्व रहने छ । विभिन्न समिति तथा समूहहरुलाई क्रियाशील वनाउन पालिकास्तरीय समितिको भूमिका प्रभावकारी हुन आवश्यक छ । गाउँपालिकाले रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक जनशक्तिको क्षमता विकास गरी जिम्मेवार वनाउने छ । लैससास रणनीतिक योजना कार्यान्वयन गर्न महिला तथा बालबालिका विकास शाखाले जिम्मेवारी निर्वाह गर्नेछ।

**आज्ञाले**

**राम बहादुर बुढा**

**प्रमुख प्रशासकीय अधिकृत**